☎ ०७७-४२०२०५

E-mail:-info.dcarghakhanchi@dcourt.gov.np

# अर्घाखाँची जिल्ला अदालत

मितिः- २०७६/४/२८

## समाजसेवी, बाल मनोबिज्ञ/बाल बिशेषज्ञको रोष्टर खडा गर्ने दरखास्त आह्वान सम्वन्धी सूचना ।

यस अदालतमा समाजसेवी, बाल मनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा काम गर्न इच्छुक बाल न्याय सम्पादन (कार्यबिधि) नियमावली, २०७६ को नियम १३ र नियम १४ ले तोकेको योग्यता पुगेका पहिलो चरणमा सम्वन्धित जिल्लामा बसोवास गरेका नेपाली नागरीकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अदालतमा निवेदन दिनु हुन केन्द्रिय बाल न्याय समितिको सचिवालयबाट प्राप्त च.नं. ७ मिति २०७६।०४।२७ को पत्रादेशानुसार यो सूचना प्रकाशित गरी दरखास्त आह्वान गरिएको व्यहोरा सूचीत गरिन्छ ।

### योग्यताः

१. समाजसेवीको लागिः– मान्यताप्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल बिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

२. बाल मनोबिज्ञ वा बाल बिशेषज्ञको लागिः- मान्यताप्राप्त विश्वविद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

### निवेदनसाथ पेस हुनुपर्ने कागजातः

१. शैक्षिक योग्यता र नागरिकताको प्रमाणित प्रतिलिपी ।

२. बालबालिका सम्बन्धी तालिम भए सो को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।